# धर्मकीर्ति


धर्मकीर्ति
The Dharmakirti

बु.सं. २५६५, बैशाख, जेठ, असार पुन्हि
वर्ष: ३८, अङ्क: १,२,३,४



भिक्षुणी धम्मवती

# भिन्तुना !



अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घया अध्यक्ष,
धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, धर्मकीर्ति वसुन्धरा विहार व गौतमी विहार लुम्बिनीया संस्थापक अध्यक्ष **भिक्षुणी धम्मवती गुरुमां** थ्वहे श्रावण ९ गते गुरुपुन्हि कुन्हु ८८ दंया वैशय् थ्यनीगु भिंलसताय् वसपोलया सुस्वास्थ्य व ता आयुया कामना यानाच्वना ।

**धर्मकीर्ति विहार परिवार**

श्रीघः नघः, यें ।

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोनः ५३५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ५३५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोनः ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोनः ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोनः ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोनः ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोनः ५३५९४६६

बुद्ध सम्बत् २५६५
नेपाल सम्बत् ११४१
इस्वी सम्बत् २०२१
बिक्रम सम्बत् २०७८


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**24th JULY 2021**

| वर्ष- ३९ | अङ्क- २, ३, ४ | बैशाख, जेठ असार पूर्णिमा | श्रावण २०७८ |
|---|---|---|---|


**मासे मासे कुसग्गेन – बालो भुञ्जेय भोजनं**
**न सो सङ्खतधम्मानं – कलं अग्घति सोललिं**

**यदि मूर्खपिसं लच्छिया छको हे जक कुशया च्वकां भोजन यासां धर्म स्यूपिनि न्ह्योने झिंखुब्बय् छब्ब नं ग्यनी मखु ।**

**महिनैपिच्छे एकपटक मात्र कुशको टुप्पोले भोजन गरे तापनि मूर्खहरू पण्डितको अगाडि सोह्र आनामा एक आना पनि मूल्यवान् हुन सक्दैनन् ।**

**Though month after month the fool takes his food with the tip of a blade of Kusa grass, he is not for all that worth a sixteenth part of one who has understood the truth.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - शुभकामना | – | ३ |
| ३) | जीवन उन्नतिका लागि अत्यावश्यक अङ्गहरू | – भिक्षुणी धम्मवती | ४ |
| ४) | सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट २५६५ औं बुद्धजयन्तीको शुभकामना सन्देश | – | ८ |
| ५) | बेजोड धर्मकथिक - धम्मवती गुरुमां | – रत्न सुन्दर शाक्य | ९ |
| ६) | मेरी सखी धम्मवती | – माधवी गुरुमां | १३ |
| ७) | २५६५ औं बैशाख पूर्णिमा महोत्सव सम्पन्न | – | १५ |
| ८) | धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना | – | १७ |
| ९) | अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षा परिक्षा नतिजा | | २० |
| १०) | धर्मकीर्ति विहार परियत्ति केन्द्र २०७७ साल परियत्ति परीक्षा नतीजा (कक्षा १-८) संक्षिप्त विवरण | | २१ |
| ११) | राहत विवरण | – | २२ |
| १२) | धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू | – | २२ |
| १३) | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्वर्ण महोत्सव | – | २३ |


# सूचना ! सूचना !! सूचना !!!

धर्मकीर्ति विहारका संस्थापिका अध्यक्ष शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित भिक्षुणी **धम्मवती गुरुमांको ८८ औँ जन्मोत्सवको शुभउपलक्ष्यमा** अखिल नेपाल भिक्षु महासङ्घको तर्फबाट मिति २०७८ श्रावण ४ गते सोमबारदेखि अभिधर्म पाठ र धर्मदेशना भइरहेको छ। पाठ र धर्मदेशना श्रवण गरी पुण्य सञ्चय गर्न इच्छुक सम्पूर्ण श्रद्धालु महानुभावहरूलाई स्वागत गर्दै यो सूचना सूचित गरिएको छ।

**कार्यक्रम सुरु हुने मिति र समय :**

मिति : २०७८ श्रावण ४-११ सोमबारसम्म

समय : बिहान ७-९ बजेसम्म

स्थान : धर्मकीर्ति विहार, श्रीघः नःघ, काठमाडौँ

आयोजक :

**धर्मकीर्ति विहार परिवार**

श्रीघः नःघ, काठमाडौँ

## ▪ सम्पादकीय ▪

# शुभकामना !

“शासनधज धम्माचरिय अग्ग महागन्थवाचक पण्डित” धम्मवती गुरुमांको ८८ औं जन्मोत्सबको उपलक्ष्मा धर्मकीर्ति विहारमा साप्ताहिक (२०७८ श्रावण ४ देखि ११ सम्म) अभिधर्म पाठ भइरहेको छ । बुद्ध शिक्षा अध्ययन गर्नको लागि वाल्यकालमा नै उहाँले प्रयोग गर्नुभएको दृढ मनोबल शक्तिको विषयमा जान्नको लागि “स्नेही छोरी” उपन्यास अध्ययन गर्न सकिन्छ ।

आफूले चिताएका राम्रा दृढ संकल्पलाई पूरा गरेर नै छोड्ने उहाँको बानीले गर्दा पनि उहाँले ठूलठूला शाहसीला कार्यहरू सफलतापूर्वक सुसम्पन्न गर्न सक्नुभएको देखिन्छ । बुद्ध शासन चिरस्थायी गरी बहुजन हिताय बहुजन सुखायको लक्ष्यका साथ अगाडि बढिरहनु भएकी गुरुमां धम्मवतीले काठमाडौंमा मात्र होइन बुद्ध जन्मस्थल लुम्बिनीमा समेत (थुप्रै विदेशी बुद्ध मन्दिरहरूको माझ) गौतमी विहार नाम गरेको नेपाली विहार निर्माण गरी नेपालीहरूको इज्जत राख्न सफल हुनुभयो । उहाँको यस शाहसिलो कदमलाई थुप्रै महानुभावहरूले सराहना गरेका छन् । यस संसारमा ठूलठूला कार्यहरू पुरुषहरूले मात्र होइन एक नारीले पनि गर्न सक्दो रहेछ भन्ने प्रमाण यसले दिइराखेको छ ।


हाल ८८ वर्षको उमेरमा पनि उहाँले देवदहमा यशोधरा विहार बनाउन कोशिस गरिरहनु भएको छ । उहाँले सुझावको रुपमा भन्ने गर्नुहुन्छ –

“शाक्यमुनि बुद्धको शासनकालमा भिक्षुणी संघको शुरुवात गरी अमूल्य योगदान दिएर जानुभएकी भिक्षुणी प्रजापति गौतमीको देनलाई हामीले कदापि विर्सन हुँदैन । त्यसैले लुम्बिनीमा प्रजापति गौतमीको गुणानुस्मरण गरी गौतमी विहार स्थापना गरे जस्तै बुद्धमाता मायादेवी, भिक्षुणी प्रजापति गौतमी र भिक्षुणी यशोधराको माइती एवं शाक्यमुनी बुद्धको मामाघर देवदहमा “यशोधरा विहार” बनाउन कोशिस गरिरहेका छौं । यो पनि हाम्रो कर्त्तव्य हो । यसरी नै नेपालमा जति पनि प्रव्रजित गुरुमांहरूको विहारहरू छन्, त्यहाँ भिक्षुणी प्रजापतिको मूर्ति स्थापना गर्नु पनि हाम्रो कर्त्तव्य नै हुनेछ ।” धर्मकीर्ति विहारमा त भिक्षुणी प्रजापतिको मूर्ति स्थापना गरिसकेको छ ।

भिक्षुणी धम्मवती गुरुमांको यस संकल्प पूरा गर्न लागिपर्नु हाम्रो कर्त्तव्य हुन आउँछ ।

आफ्नो मनलाई सकेसम्म राम्रा कार्यहरूमा अल्झाइराख्नुपर्छ भनी शिक्षा दिनुहुने धम्मवती गुरुमांले आफ्नो मनलाई यस्तै राम्रो कार्य एवं योजनाहरूमा अल्झाई प्राप्त गरेका मनोबलले शारीरिक रोगलाई समेत केही मात्रामा भएपनि दमन गर्न सफल भइराखेको देखिन्छ ।

उहाँको यस आदर्शयुक्त बानीले हामीलाई समेत अदम्य हौसला प्रदान गरिराखेका छन् । हामी सबैले उहाँको आयु आरोग्य एवं आध्यात्मिक सुखका कामना गर्दै उहाँका राम्रा संकल्पहरू यथासिघ्र पूरा होस् भन्ने कामना गरौं ।



# जीवन उन्नतिका लागि अत्यावश्यक अङ्गहरू

- भिक्षुणी धम्मवती
*शासन धज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित*
अनुवाद- वीर्यवती

हाम्रो जीवनमा उन्नति गर्नका लागि महत्त्वपूर्ण अङ्गहरूले पूर्ण रहन आवश्यक छ । ती महत्त्वपूर्ण अङ्गहरू यसरी रहेका छन्–

(१) आफूले रोपेका राम्रा कर्मरूपी बीउको भाग्यरूपी फल

(२) मेहनत (३) प्रज्ञासहितको ज्ञान

यी माथि उल्लिखित महत्त्वपूर्ण अङ्गहरूले पूर्ण रहन सक्ने व्यक्तिको जीवनमा यथासिघ्र उन्नति अभिवृद्धि हुनेछ । पुण्यकार्य गर्न नसक्ने व्यक्तिको जीवनमा भाग्यरूपी फल फल्न सक्दैन । फलस्वरूप उसको जीवनमा उन्नतिको बाटो पनि खुल्न सक्दैन । यस्तो अवस्था आउने समयमा 'के गर्नु, मैले पहिलाको जन्ममा धर्म-कर्म गर्न सकिन होला ! त्यसैले यस जन्ममा भाग्यरूपी फल पाउन पनि सकिएन' भन्दै अलसी र निष्क्रिय जीवन बिताउन खोज्नु मूर्खता हुनेछ; किनभने जसले यही जीवनमा मेहनती बनी राम्रा र असल धार्मिक कार्यहरू गरी धर्मको रक्षा गर्दछ, उसले आफ्नो जीवनमा नयाँ भाग्यरूपी फल प्राप्त गरी सुखी बन्न सक्नेछ । मुख्य कुरा त मेहनतको रहन्छ । त्यसैले भगवान् बुद्धले भन्नुभएको छ–

**"वीरियावतो किं नाम कम्मं नसिज्झति"**

मेहनत गर्न सकेमा जुनसुकै ठूला कार्यहरू पनि सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ । यस कथनलाई विश्वास दिलाउनका लागि प्रमाणको रूपमा म्यानमारमा घटेको एउटा सत्य घटनालाई प्रस्तुत गर्न सकिन्छ ।

यस सत्य घटनाको प्रमुख नायक साहुको सालिक हालसम्म पनि म्यानमारमा यथावत राखिएको छ । उक्त साहुका नाति-पनातिहरूलाई हालसम्म पनि म्यानमारमा भेट्न सकिन्छ । त्यसैले यस घटनालाई हामीले कथाको रूपमा नभई सत्य-तथ्य घटनाको रूपमा लिन सकिन्छ ।



*लुम्बिनी विश्व विद्यालयबाट सञ्चालित कार्यक्रममा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट सम्मानपत्र ग्रहण गर्नुहुँदै भिक्षुणी धम्मवती*

पहिला संसारमा अङ्ग्रेज सरकारको बाहुल्यता रहेको बेला म्यानमारमा पनि उनीहरूले नै राज्य चलाएका थिए । त्यस बेला म्यानमारमा दूध, घ्यूजस्ता दूधजन्य पदार्थहरू सजिलै बजारमा उपलब्ध थिएनन् ।




*शान्ति सन्देश यात्रामा प्रवचन दिनुहुँदै धम्मवती गुरुमां*

मारवाडीहरू शाकाहारी भएका कारणले उनीहरूका खानामा दूध र घ्यूको आवश्यकता रहने भएकाले म्यानमार निवासी मारवाडीहरूले आफ्नै घरमा गाई पाल्ने गर्थे । ती मारवाडीहरू मध्ये एक जना मारवाडी साहुले पनि गाई पाल्नका लागि ३ जना नोकरहरू पालिराखेका थिए । एक जना नोकरले गाई चराउन लाने गर्थ्यो भने अर्को एक जनाले गोठमा गोबर सफा गर्थ्यो र त्यस्तै अर्को नोकरले दूध दुहुने काम गर्थ्यो । यी तीन जना नोकरहरू मध्ये गाई चराउन लाने नोकर ज्यादै सीधासाधा स्वभावका गरिब व्यक्ति थिए । उनकी श्रीमतीले चौबाटोमा बसी दिनभरि रोटी (एक प्रकारको बर्मी रोटी) पकाउँदै बेचेर कमाउने गर्थिन् ।

यसरी यी दुवै जनाले बिहानै भात पकाएर खाने गर्थे । श्रीमतीचाहिँले आफ्ना श्रीमान्लाई दिउँसोको खाजाको लागि ठूल्ठूला दुईवटा रोटीहरू पकाएर दिने गर्थिन् । श्रीमान्चाहिँ दिनभरि गाई चराउन जान्थ्यो । श्रीमतीचाहिँ दिनभरि रोटी पकाई बेच्ने गर्थिन् । यसरी यी दुवैले अति मेहनतपूर्वक जीवन गुजारिरहेका थिए ।

एक दिन गाई चराइरहेका गोठालोकहाँ एक जना भिक्षु भिक्षा माग्न आउनुभएछ । गोठालाले दिउँसो आफ्नो खाजाको लागि लगिराखेको रोटी नै भिक्षाको रूपमा दान दिएछन् । गोठालाले उक्त भिक्षुको चीवरबाट पानी रसाउँदै झरिरहेको देख्यो । यो दृश्य देख्नेवित्तिकै उक्त गोठालाले विचार गऱ्यो– "भिक्षु उपगुप्तले दु:खीहरूलाई उपकार गर्नका लागि समय-समयमा भिक्षा माग्न आउने गर्नुहुन्छ भन्ने कुरा सुन्दै आइरहेको छु । उहाँले भिक्षा माग्न आउनुहुँदा पनि एउटा न एउटा भिजेको चिन्ह साथमा लिएर आउनुहुन्छ भन्ने कुरा सुनेको थिएँ । आज पनि भिक्षा माग्न आउनुभएका भिक्षुले भिजेको चीवर लगाएर आउनुभएको छ । उहाँको चीवरबाट टप-टप पानी चुहिरहेको देखें; तर उहाँको खुट्टा भने भिजेको छैन । शायद उहाँ नै उपगुप्त भन्ते हुन सक्छ । यदि उहाँ उपगुप्त भन्ते नै हो भने त मेरो रोटी दान त उत्तम पुण्यक्षेत्रमा पर्ने भयो" आदि भन्दै उक्त व्यक्ति आफ्नो दानकार्य सम्झँदै दङ्ग परिरहे ।

त्यसपछि भिक्षु उपगुप्त फेरि उक्त गोठालोकै श्रीमती रोटी पकाई बेचिरहेको ठाउँमा भिक्षा माग्न जानुभएछ । त्यहाँ जानुहुँदा उहाँको चीवर भिजेको थिएन भने खुट्टा भिजी घुँडामुन्तिरबाट पानी बगिरहेको थियो । यो दृश्य देखी रोटी बेचिरहेकी त्यस महिलाले विचार गरिन्– "शायद भन्तेको पिसापसम्बन्धी रोग होला ! त्यसैले उहाँको पिसाप बगिरहेको होला ! धेरै बेर पर्खाइरहन उचित हुन्न ।" यस्तो विचार गरी उनीले भन्तेलाई छिटो नै रोटी दान दिएर पठाइन् ।

राती श्रीमान्-श्रीमती दुवै जना आआफ्ना काम सिध्याई घर फर्के । त्यस बेला श्रीमान् चाहिँले श्रीमतीलाई भने– "आज छिटो भात पकाउनु है ! मैले दिउँसो खाजा खान पनि पाएको छैन । एक जना




*धम्मवती गुरुमांले लुम्बिनीमा निर्माण गर्नुभएको गौतमी विहारको प्रवचन हल र मायादेवी मन्दिर*


भन्तेले जङ्गलमा भिक्षा माग्न आउनुभएको थियो । त्यसैले मैले मेरो लागि लगेको खाजा (रोटी) भिक्षाको रूपमा भन्तेलाई दान दिएर पठाएँ । अब हाम्रो दुःख हटिने देखिन्छ । भिक्षा माग्न आउनुहुने भन्ते त मेरो विचारमा उपगुप्त भन्ते नै हुनुहुन्छ जस्तो लाग्यो; किनभने मैले सुनिराखेअनुसार उपगुप्त भन्ते आउनुहुँदा जे भए पनि भिजेको चिन्ह लिएर आउनुहुन्छ भनेर सुनेको थिएँ । आज भिक्षा माग्न आउनुहुने भन्तेको पनि चीवर भिजेर चीवरबाट पानी टप-टप चुहिरहेको थियो । त्यसैले हाम्रो रोटी त आज पवित्र पात्रमा परेको जस्तो लाग्यो । यो कुरा सुनी श्रीमतीचाहिँले पनि भनिन्– "मकहाँ पनि आज एउटा भन्तेले भिक्षा माग्न आउनुभएको थियो; तर उहाँको चीवर त होइन घुँडामुन्तिरबाट पानी रसाउँदै तलतिर झरिरहेको थियो । यो देखी मैले त उहाँ भन्तेको पिसापसम्बन्धी रोग छ होला, धेरै बेर पर्खाइराख्न हुन्न भनी मैले पनि रोटी दान दिएर पठाएकी थिएँ । मेरो रोटी पनि उत्तम भिक्षुकै पात्रमा पऱ्यो कि कसो !" भन्दै खुसी हुन थालिन् ।

यो घटना घटेको दुई-तीन दिनपश्चात् गोठालो दाइले गाई चराई सबै गाई गोठमा बुझाई गोठमा ताल्चा लगाएर साँचो मारवाडी साहुकहाँ बुझाउन जाँदा साहुले उसलाई बोलाएर भनेछ–

"बाबू ! तिमी एकदम दुःखी देखिन्छ । तिम्रो कर्ममा भाग्य नभएकोले दुःखी भएको हो कि पैसा लगानी गर्न नसकी दुःखी भएको हो । एकपटक मलाई जाँच्न मन लाग्यो । त्यसैले मैले तिमीलाई पाँच हजार रकम लगानी गर्नको लागि दिएर पठाउँछु । त्यो रकम लिएर तिमीले लगानी गरी अर्के एउटा नयाँ कामको थालनी गर । भोलिदेखि यहाँ गोठालो भई गाई चराउन नआए पनि हुन्छ ।" यति भनी मारवाडी साहुले उसलाई पाँच हजार रुपियाँ दिए । त्यस बेला पाँच हजार रुपियाँ भनेको थुप्रै हुने गर्थ्यो । गोठालाले त्यो रुपियाँ पछि आफूले तिर्न सकिने हो कि होइन भन्दै सापटीको रूपमा उक्त पाँच हजार रुपियाँ लिन डराए । डराउँदै उसले भन्यो– "साहुजी ! मैले अरू केही पनि काम गर्न जान्दिन । रकम लगेर खर्च हुँदै गयो भने त मैले तपाईंलाई त्यत्रो रकमको ऋण कसरी




*बर्माका टाउम्पुलु सयादोबाट धर्मकीर्ति विहारमा प्रवचन गर्नुहुँदै साथमा धम्मवती गुरुमां*



*ताइवानको फोक्वान्सान्मा माष्टर सिनयुनलाई बुद्ध मूर्ति उपहार चढाउनु हुँदै धम्मवती गुरुमां*

तिर्ने ? भयो साहुजी ! लान्न त्यो रकम । मलाई यही गोठालो काम नै ठीक छ ।”

यो कुरा सुनी मारवाडी साहुले भन्यो– “पीर लिनुपर्दैन । यो रकम लगी काम गरी पैसा कमाउनू । नाफा कमाउन सके मात्र मलाई तिर्नू । यदि तिम्रो कर्ममा पैसा कमाउने भाग्य नै रहेनछ र साँवा रकम नै डुबेछ भने मलाई पैसा तिर्न आउनुपर्दैन । फेरि यहाँ नै आई यही गाई चराउने काम नै गर्न आउनू ।”



*धम्मवती गुरुमांले बर्मी ध्यानगुरु महासीसयादो भन्ते समक्ष उपहार चढाउनु हुँदै*

यति भनी साहुले गोठालोलाई रकम सापटी दिएर पठाए । अनि त्यस गोठालोले त्यो रकम लगी बर्माकै एउटा प्रान्त श्याममा गई राम्रा-राम्रा काठका मुढाको व्यापारमा लगानी गरेछ; तर त्यस बेला श्याममा ठूलो लडाइँ हुने हल्ला चलिरहेको थियो । त्यसैले काठका मुढाको व्यापारीहरूको काठहरू सबै विचल्लीमा परिरहेका थिए । यही मौकामा गोठालो त्यहाँ पुगी ती काठको मुढाहरू किन्न गए । अनि त्यस काठका साहुहरूले उसलाई धेरै सस्तो मूल्यमा काठहरू बेचेर पठाए । यसरी त्यस गोठालाले तीन-चारपटक बर्माबाट श्याममा पुगी सस्तो मूल्यमा काठहरू किनी बर्मा भित्र्याउन सफल भए । चारपटक श्याममा पुगी काठको व्यापार गरेपछि त्यस गोठाला दाइ त धनाढ्य व्यापारी बन्न सफल भए । यसरी भाग्य र मेहनत भएपछि साहु बन्नका लागि केही गाह्रो छैन । त्यसैले भनिएको पनि छ– ‘भाग्य मात्र साथमा रहे कुनै पीर लिनुपर्दैन ।’

त्यस गोठालाबाट काठको व्यापारी बन्न पुगेको साहुको तर्फबाट मानिसको उचाईमा रहेको मूर्तिहरू बनाई बुद्धजीवनी नै निर्माण गरी प्रदर्शनीको रूपमा हालसम्म पनि म्यानमारमा राखिएको छ । उक्त साहुको सालिक पनि बनाएर राखिएको छ ।

त्यसैले भाग्य, मेहनत र बुद्धि जुटाउन सकेमा मानिसको उन्नति शिखरमा पुग्नेछ भन्ने कुरालाई यस सत्य घटनाले पुष्टि गरेको छ ।

त्यसैले मानिसहरूले ईश्वरले उद्धार गर्छ नि भन्दै ईश्वर भक्तिमा मात्र लागी निष्क्रिय बन्ने बानीलाई त्यागी भाग्य, मेहनत र बुद्धि प्रयोग गरी आ-आफ्नो जीवनलाई उन्नतिपथतिर लानुपरेको छ ।

# सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट २५६५ औं बुद्धजयन्तीको शुभकामना सन्देश



*२०७८ जेठ १२ गते, बुधवार ।*

बौद्ध दर्शनका प्रवर्तक, राष्ट्रका गौरव एवं विश्व शान्तिका अग्रदूत गौतम बुद्धको २५६५ औं जन्मजयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका बुद्धधर्मावलम्बी, शान्ति र अहिंसाप्रेमी सम्पूर्ण नेपाली दिदी-बहिनी तथा दाजु-भाइहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

बैशाख शुल्कपक्षको पूर्णिमा तिथिको दिन गौतम बुद्धको त्रि-संयोग अर्थात् जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण एकैदिन परेकाले आजको तिथिलाई विश्वभरका बुद्ध धर्मावलम्बीहरूद्वारा गौतम बुद्धप्रति श्रद्धा एवं भक्तिभाव व्यक्त गर्ने पावन दिवसका रूपमा बुद्धजयन्ती मनाउने गरिन्छ ।


विश्वले शान्तिका प्रकाशका रूपमा उच्च सम्मान गर्ने महान् गौतम बुद्धको जन्मभूमि नेपाल हुनु हामी सबैका लागि गौरवको विषय हो । बुद्ध जयन्तीलाई हाम्रो राष्ट्रको प्राचीन सभ्यता र समृद्ध इतिहासबाट प्रेरणा लिँदै प्रगतिको बाटोमा अग्रसर रहन प्रण गर्ने अवसरका रूपमा लिनुपर्दछ । शान्तिदूत गौतम बुद्धका प्रेरणादायी उपदेश र मार्गदर्शनलाई आत्मसात् गर्न सकेमा धार्मिक, सामाजिक तथा साँस्कृतिक विविधता बीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि भई राष्ट्रिय एकता सुदृढ हुनका साथै यसबाट विश्व शान्तिका लागि समेत मद्दत पुग्नेछ भन्ने मलाई लागेको छ ।

यस समयमा विश्वब्यापी महामारी कोभिड-१९ को संक्रमण तीव्र बनेकाले यसलाई नियन्त्रण गर्न नेपाल सरकारले विभिन्न सहर एवं जिल्लाहरूमा निषेधाज्ञा जारी गरेको छ । तसर्थ सरकारद्वारा जारी जनस्वास्थ्यका मापदण्डहरू र निषेधाज्ञाका नियमहरूको पालना गर्दै सुरक्षित रूपमा बुद्ध जयन्ती मनाउनका लागि म सबैलाई हार्दिक आह्वान गर्दछु ।


अन्तमा, सम्पूर्ण विश्वले कोभिड-१९ को महामारीबाट शीघ्रातिशीघ्र उन्मुक्ति पाउनेछ भन्ने आशा गर्दै २५६५ औं बुद्ध जयन्तीको यस अवसरले नेपालीहरूको राष्ट्रिय एकतालाई थप मजबुत बनाउन सबैलाई अभिप्रेरित गर्न सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद् !

# बेजोड धर्मकथिक – धम्मवती गुरुमां



– रत्न सुन्दर शाक्य




*धम्मवती गुरुमां बर्मामा अध्ययनरत अवस्थामा*

नेपालमा स्थविरवाद बुद्ध धर्म पुनरुत्थानको इतिहासमा विशेष व्यक्तित्व लिएर आएकी सहासी नारी थिइन् धम्मवती गुरुमां। पाटनको शाक्य परिवारमा जन्मिएकी धम्मवतीको गृहस्थ नाम गणेश कुमारी शाक्य थियो। उनीले कुन उमेरमा कसरी गृहत्याग गरिन् कसरी दुर्गम बाटोबाट बर्मा पुगी "शासन धज धम्माचरिय" उपाधि हासिल गरिन् ? त्यो अति नै रोचक, प्रेरणादायी एवं अनुत्तर (बेजोड) हुनुको कारण नै होला उहाँको एक धर्म मित्र "मां गुणवती" गुरुमांले लेख्नुभएको एक परिचयात्मक लेखलाई आधार बनाई बर्मा (म्यानमार) स्थित मोलमिनका एक विद्वान् प्राध्यापक शासनधज श्रीपवर ऊ सूर्याभिवंश नामक भिक्षुले "निपो मे" (नेपाली पुत्री) नामक एक जीवनी पुस्तिका लेखी प्रचार गरियो। सोही "निपो मे" को आधारमा बर्माका एक सुप्रसिद्ध साहित्यकार भिक्षु ऊ तिलोकञाण महास्थविर "र वे थ्वँ" ले "तमी छेत्" नामक उपन्यास तयार गर्नुभयो। उक्त उपन्यासमा धम्मवती गुरुमांको गृहस्थ जीवन देखि त्यागी जीवनको यथार्थ विवरण प्रस्तुत गरिएको छ। यसलाई यहाँ संक्षिप्त प्रस्तुत गरिन्छ –

गणेश कुमारी शाक्यले १२/१३ वर्षको उमेरमा पाटनको सुमंगल विहारमा बर्मी भिक्षु धम्मावुधको धर्मोपदेश सुनेको समयदेखि उहाँको उपदेशबाट प्रभावित भई बर्मा जाने इच्छा गरेकी थिइन्। आफूसँगै अन्य दुईजना मित्रहरू पनि साथमा लाने निश्चय गरेकी उनीले राहदानी लिने क्रममा साथीहरू पनि छुटियो। त्यसपछि भिक्षु धम्मावुधका साथ सारनाथ र बुद्धगयाको दर्शन गरी कलकत्ता पुगियो। कलकत्ताबाट पनि राहदानी लिन ढिलाई वा असम्भव भएको कारण धम्मवतीले गुरु धम्माबुध र माहुतेहरूसँगै पैदल हिँडेर बर्मा पुगिन्। मोलमिन्को खेमाराममा रही ८-१० वर्ष अवधिमा बुद्ध शिक्षा अध्ययन गरी त्यहाँको अनेक परीक्षा दिई अन्त्यमा "सासन धज धम्माचरिय" परीक्षा सर्वोच्च अङ्क प्राप्त गरी उत्तीर्ण हुन सफल भइन्।

उनको जीवनी प्रस्तुत गरिएको उपन्यास "तमी छेत्" बर्मी भाषामा प्रकाशन गरिएको थियो। त्यही उपन्यासलाई बर्मामा नै अध्ययनरत रहनु भएका भिक्षु ज्ञानपूर्णिकले नेपाल भाषामा अनुवाद गर्नुभएको थियो। अनुवादित त्यस पाण्डुलिपि नेपाल पुगेर पनि ७/८ वर्षपछि मात्र बल्ल प्रकाशित भयो। नेपालभाषा साहित्यमा सर्वप्रथम अनुवादित (उपन्यासको रुपमा)



*धम्मवती गुरुमांलाई बुद्ध शिक्षामा अध्यन गराउन बर्मा पुऱ्याउनु हुने बर्मी भिक्षु धम्मावुध*

यस कृतिको नाम हो - "यःम्ह म्ह्याय्" । यस पुस्तक प्रकाशनार्थ कविकेशरी चित्तधर "हृदय" ने.सं. (१०२६ - ११०२) ले प्रुफ हेर्ने कार्य समेत गरी अथक प्रयास गर्नुभएको थियो भने यस पुस्तक धर्मकीर्ति विहारका उपासकोपासिका (दाता) हरूको सहयोगबाट प्रकाशन गरिएको हुँदा यस पुस्तक प्रकाशनको श्रेय उहाँहरू दुबैलाई पनि दिन सकिन्छ ।

स्मरणिय छ, यस पुस्तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना (७ जेठ २०२८) हनुभन्दा अगाडि प्रकाशित भएको हो । यस पुस्तकको नेपाली अनुवाद पनि मोतिकाजी शाक्य (उपन्यासका प्रमुख नायिक धम्मवती गुरुमांका भाई) ले गरी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट प्रकाशन गरियो । पुस्तकको नाम "स्नेही छोरी" राखियो ।

धम्मवती गुरुमांको जीवनी पुस्तकको रुपमा रहेको यस "यःम्ह म्ह्याय्" वा "स्नेही छोरी" उपन्यास अध्ययन पछि हामीलाई स्पष्ट हुन्छ कि धम्मवती गुरुमां बेजोड धर्मकथिक हुनुमा उनको ठूलो त्याग दृढता र अथक परिश्रमको परिणाम थियो। धम्मवती गुरुमांकै प्रादुर्भावले प्रायः सम्पूर्ण प्रव्रजित गुरुमांहरूमा स्वाभिमान र प्रेरणा प्राप्त हुँदै आएको थियो ।

धम्मवती गुरुमां बर्माबाट अध्ययन समापन गरेर फर्केदेखिन् उनको तर्फबाट शुरुमा विशेषतः काठमाडौं उपत्यकाका बौद्ध धर्मावलम्बी श्रद्धालुहरूलाई निकै सन्तोषजनक रुपमा बुद्ध शिक्षाको महत्व सुन्न पाइयो । यस आशयलाई उपन्यासका मूल रचनाकार "र वे थ्वँ" महास्थविरले पनि उल्लेख गर्नुभएको थियो ।

यी "मा निपो" (नेपाली केटी) अहिले उनका



*धर्मकीर्ति विहार स्थापनाकालका ७ जना गुरुमांहरू, बायाँबाट तेश्रोमा धम्मवती गुरुमां*



*धर्मकीर्ति विहारका सहसंस्थापिकाद्वय दो गुणवती गुरुमां र रत्नमञ्जरी गुरुमांका साथ संस्थापिका धम्मवती गुरुमां*

आफ्नै आमा बुबाको मात्र स्नेही छोरी थिइन् । जब यिनी परियत्ति र प्रतिपत्ति (ज्ञानलाई व्यवहारमा अभ्यास गर्ने) दुबै क्षेत्रमा परिपक्व भएर आफ्नो जन्मभूमीमा ठीक तरिकाले थेरवाद बुद्ध शासनको रश्मि फैलाउन सफल भइन् तब यिनी आफ्ना आमा बुबाको मात्र होइन सिङ्गो नेपालकी र बुद्ध शासनको पनि स्नेही छोरी भइन् ।

धम्मवती गुरुमां बुद्ध पुत्री बनी आफ्नै श्रीमुखबाट धर्मप्रचार गर्नुका साथै आफ्नो हातबाट पनि लेखन कार्य गर्दै बुद्ध शिक्षा सम्बन्धी कैयौं पुस्तकहरू लेखी निरन्तर प्रकाशन गर्दै आएकी छिन् ।

पुस्तक प्रकाशन कार्यमा धम्मवती गुरुमांले विहारमा आउने उपासकोपासिकाहरूको सहयोगमा झण्डै ३३० वटा पुस्तकहरू धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशन गरी नेपाल अधिराज्यभर फैलाएको देखिन्छ ।

हामीलाई धम्मवती गुरुमां जस्ता प्रतिभा ल्याइदिनु भएका बर्मी भिक्षु धम्मावुधलाई हामी कहिल्यै विर्सन सक्दैनौं । उहाँले नेपालमा स्थविरवाद बुद्ध धर्म व्यापक रूपमा प्रचार प्रसार गर्न थप टेवा दिलाउने हेतु धम्मवती गुरुमांलाई बर्मामा पुऱ्याउन अनेक दुःखकष्ट सहेर बर्मा स्थित मोलमिनको खेमाराम विहारका विहाराधिपति दो पञ्ञाचारी गुरुमांको छत्रछायाँमा सुम्पेर उहाँ पुनः संस्कृत साहित्य अध्ययनार्थ भारत जानुभएको थियो ।

धम्मवती गुरुमां विद्या अध्ययन गरी नेपाल फर्कनु भएको केही वर्ष पछि भिक्षु धम्माबुधको पुनः नेपाल आगमन भएको थियो । उहाँ उपत्यका एवं उपत्यका बाहिर गरी जम्मा २२ महिना जति रहनुभई बर्मा फर्कनुभएको थियो तर अफशोच ! यहाँबाट फर्कनुभएको दुईवर्ष पछि सन् १९७३ को नवम्वरमा उहाँले आफ्नो जीवन परित्याग गर्नुभयो ।

आफ्नो गुरुको पुण्यस्मृतिमा धम्मवती गुरुमांले दानपुण्यकार्य गर्नुका साथै उहाँद्वारा All India Radio बाट शाक्यमुनी बुद्धको संक्षिप्त जीवन चर्याको विषयमा दिइएको प्रसारणलाई नेपालभाषामा अनुवाद गरी "शाक्यमुनी बुद्ध" नामबाट नै पुस्तक प्रकाशन गर्नुभएकी थिइन् । यसरी धम्मवती गुरुमांको प्रतिभा हृदयंगम गर्दै जानेबेला हामीले उहाँका गुरुवरको पनि सम्झना गर्न आवश्यक ठान्दछु ।

अन्तमा धम्मवती गुरुमांले धर्मको लागि आत्मसमर्पण गरी दुस्कर, दुर्गम, कान्तार मार्ग पार गरी बर्मा पुग्नुभएको महत्तालाई "कवि केशरी चित्तधर हृदय" को शब्दमा उल्लेख गरी यस लेख टुंग्याउँछु ।

"गुगु अर्थ प्राप्तिया निंती सिंहसार्थ बाहुं ल्हासाया लँय् फःगु दुस्करता स्वयाः म्हो मजू । "यमि" जुया भृकुटी उपन्यासय् "थोनामि" लामां नालन्दाया लँय् गुलि दुःख कष्ट सीमाल धकाः च्वयातल, व स्वयाः नं छुं म्हो मजू ।

अझ धम्मालोक भन्तेनं म्वाःम्ह मञ्जुश्री नापलाय् धकाः सँय् वसतं पुनाः सँय् हे जुयाः जलमार्ग पेकिङ्ग तक व अन महाचीनया पञ्चशीर्ष पवर्त तक स्थल मार्ग यात्रा याना बिज्याःगु दुस्करता स्वयाः नं म्हो मजू ।"

नेपाली रूपान्तर - सं.

"जुन अर्थ प्राप्तिको निमित्त सिंहसार्थ बाहुले ल्हासा गएको अवस्थामा मार्गमा भोगेको दुष्करता थियो, त्यो भन्दा कम छैन । "यमि" (धर्मरत्न यमि) को भृकुटी उपन्यासमा "थोनमि" लामाले नालन्दाको मार्गमा जति दुःख कष्ट भोग्नु परेको विषयमा लेखिएको थियो, त्यो भन्दा कति पनि कम छैन ।

अझ धम्मलोक भन्तेले जिउँदो मञ्जुश्री भेट्ने भनी सँय् लं (भोटे लुगा) लगाई भोटे नै भई जलमार्गबाट पेकिङ्गसम्म र त्यहाँ महाचीनको पञ्चशीर्ष पर्वतसम्म स्थल मार्गबाट यात्रा गरेको बेलाको दुष्करता भन्दा कम छैन ।"

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**



# दिवंगत गणेश माया वज्राचार्य

ललितपुर

*( जन्म: बि.सं. १९८९ माघ*
*दिवंगत: बि.सं. २०७८ बैशाख २४ गते )*

अनन्त गुणं सम्पन्नम्ह जिमि

**पूज्य मां गणेश माया वज्राचार्य**

श्रद्धावान्, शीलवान् व करूणां सम्पन्नम्ह खः । वसपोल शाक्य सिंह विहारया आजीवन सदस्य, धर्मकीर्ति पत्रिकाया नियमित पाठक व वनवहाः नामसंगति गुठीया थकालीम्ह गुठीयार नं खः । बुद्ध शिक्षायात थःगु जीवने छ्यलाः थम्हं फक्को मेपिन्त स्यनेकने याय्गु ज्याय् नं तल्लीन जुयाः पुण्य संचय याय्त ताःलाःम्ह जिमि मांया गुणानुस्मरण यासे वसपोलयात याकनहे निर्वाणया हेतु चूलाय्मा धकाः पुण्यानुमोदन यानाच्वना ।


म्ह्याय् :

- **शान्ति वज्राचार्य – जिलाजंः विजय राजभण्डारी**

म्ह्याय् छ्यपिं :


- **मान नरसिङ – रोशनी शाक्य**
- **शैलेश राजभण्डारी**
- **विकल्प राजभण्डारी**
- **तुला बहादुर – अन्जीला गुरुङ्ग**
- **सचेश थिङ**
- **तारा – रत्नकाजी शाक्य**
- **रायना गुरुङ्ग**

# मेरी सखी धम्मवती



- माधवी गुरुमां
अनुवाद- वीर्यवती

धम्मवती मेरी बाल सखी हुन् । बुबा श्री हर्षमान शाक्य एवं आमा श्री हेराथकुं शाक्यकी एक्ली छोरी धम्मवतीको गृहस्थ नाम हो गणेश कुमारी शाक्य । उनको संक्षिप्त परिचय प्रस्तुत गर्दैछु यहाँ –



*बाल्यकालका साथी मांधवी गुरुमांकासाथ धम्मवती गुरुमां*

**सूरवीर धम्मवती** –

धम्मवती बालिकाको उमेर देखि नै सूरवीर थिइन् । साथीहरू सबैलाई थर्काएर राख्ने क्षमता थियो उनमा । उनी देखेर सबै साथीहरू थर्कमान् हुन्थे । म (माधवी), मेरी दिदी (मागधी) र गणेश कुमारी (धम्मवती) तीन जना एकदम मिल्ने हितैषी साथीहरू थियौं । बुद्ध शिक्षा सिक्नको लागि बर्मा जाने योजना थियो हाम्रो त्यसबेला । त्यसैले धम्मवतीले हामीलाई यसरी भन्ने गर्थिन् –

"हामी विदेशमा जानुछ । त्यहाँ जाने बेला कस्तो ठाउँमा पुगिन्छ, कसरी रहनुपर्ने हुन्छ, थाहा छैन । त्यसैले हामीले अहिले देखि नै त्यसको लागि तयारी गर्नु छ । ल अब अभ्यास गरौं भन्दै उनीले हामीलाई हाम्रै घरको छानाबाट कौशीमा हाम्फाल्न सिकाउँथिन् । एकपटक हामी तीनैजना साथीहरू छानाबाट कौशीमा हाम्फाल्ने बाजी राख्यौं । तर हामी दुई दिदी बहिनी हाम्फाल्न डरायौं । त्यतिञ्जेल धम्मवतीले त तीन पटक हाम्फाली सकिन् । तर हामी दुईजना मध्ये एकजनाले बल्ल एकपटक मात्र हाम्फाल्दा नै घाइते भइयो । त्यसैले हामीले हाम्फाल्ने हिम्मत गर्न सकेनौं ।

**अध्ययन गर्ने क्षत्रमा हिम्मतशाली धम्मवती** –

अध्ययन क्षत्रमा उनी ज्यादै प्रभावशाली छिन् । एकचित्त गरी अध्ययन गर्ने क्षमता छ उनीमा । कोशिस पनि प्रचुर मात्रामा गर्छिन् उनी । त्यसैले जुनसुकै पाठ पनि तुरुन्त घोकेर पाठ बुझाउन सक्षम हुन्थिन्

उनी। त्यसैले होला सबैजसो गुरुहरूले उनीलाई मन पराउँथ्यो।

**दुःख सहनसक्ने क्षमता –**

धम्मवतीले अनेक शारीरिक दुःख सहन सक्थिन्। त्यसैले त्यस्तो कलिलो वैंशमा पनि (१४ वर्षको उमेरमा) पैदल नै हिंडेर उनी बर्मा पुग्न सफल भइन्। बर्माबाट अति कठिन परीक्षा "धम्माचरिय" मा उच्च अङ्क प्राप्त गरी उत्तिर्ण भइन्। यस परीक्षामा उनीले सरकारी सम्मान "शाशन धज धम्माचरिय" उपाधी हासिल गरिन्।

बर्माबाट यस उपाधी हासिल गरेर आउन सफल अन्य गुरुमांहरू पनि पछि उत्पादन भए। यो धेरै खुशीको कुरो हो। यस समूहमा धम्मवती सबभन्दा बढी उच्चस्तरले क्षमतावान् नै देखिन्छिन्। धम्मवती महिला वर्गहरूको दर्जा उत्थान गर्ने क्षत्रमा गौरवशाली व्यक्तित्व हुन्। त्यागी व्यक्तिहरूको इज्जत बढाउन सक्षम व्यक्तित्व पनि हुन्।

**अतुलनिय धर्मदेशना दिन सक्षम धम्मवती –**

धर्मदेशना दिन पोख्त भएकी हुनाले धम्मवती एक कुशल धर्मदेशक भन्दा अत्युक्ति हुँदैन होला। धर्मदेशना गर्ने स्थान, वातावरण धर्मश्रवण गर्ने व्यक्तिहरूलाई दृष्टिगत गरी उनीले सोही अनुकूलको उचित एवं व्यवहारिक ज्ञानलेयुक्त धर्मदेशना गर्न शिपालु धम्मवतीले मानिसहरूको मन सन्तुष्ट पार्ने गरी सर्वसाधारणले बुझ्न सकिने धर्मदेशना गर्न सक्षम छिन्।

**प्रभावशाली व्यक्तित्त्वकी धनी –**

धम्मवती प्रभावशाली व्यक्तित्वकी धनी छिन्। फलस्वरुप उनी कुनै पनि समूहमा निर्भिक, निडर र फूर्तिसाथ सिंह जस्तै प्रभावकारी प्रस्तावहरू प्रस्तुत गरी मैत्रीपूर्वक समस्या समाधान गर्न अगाडि बढ्ने गर्छिन्। त्यसैले धेरैजसो व्यक्तिहरू आ-आफ्ना समस्याहरू समाधानको लागि उनीसँग सल्लाह लिन आउने गर्छन्।

**वाक सिद्धिकी धनी –**

धम्मवती वाकसिद्धिकी धनी छिन्। त्यसैले होला उनको बोलीले धेरैजसो व्यक्तिलाई प्रभाव परिरहेको देखिन्छ। फलस्वरुप धर्मकीर्ति विहारका साथै यस विहारमा अन्य शाखा विहारहरू निर्माण गर्न सक्षम बनिन्।

यसको सिलसिलामा काठमाडौंमा मात्र होइन लुम्बिनीमा समेत गौतमी विहार निर्माण गर्नसक्नु गौरवको रुपमा लिन सकिन्छ।

**अल्सी र दिक्क मान्ने स्वभाव रहित –**


धम्मवतीमा अल्सी र दिक्क मान्ने स्वभाव मैले देखिन। उनीले आफूले गर्नुपर्ने कर्तव्य जसरी भएपनि पूरा गरेरै छोड्ने बानी छ। ८८ वर्ष पुगिसकेकी धम्मवती शारीरिक तवरले अशक्त भएपनि उनको मनोबल शक्ति हालसम्म पनि त्यतिकै तन्दुरुस्त देखिन्छ। त्यसैले होला अहिलेसम्म पनि ठूलठूला कार्यहरूको योजना बनाउँदै उक्त कार्यको थालनी गर्नको लागि आवश्यक व्यक्तिसंग सम्पर्क राखी जुझारु रूपमा कार्य सञ्चालन गर्न सक्षम भइरहेकै देखिन्छ। धर्मप्रचार कार्यमा सशक्त रूपमा सक्रिय रही हरेक पूर्णिमाको दिनमा मात्र नभई कसैले धर्मदेशनाको लागि प्रार्थना गर्न आए पनि सहर्ष स्वीकार गर्दै अनलाइन मार्फत नै धर्मदेशना गरी धर्मप्रचार गर्न सफल नै देखिन्छिन्।

**आदर –**

बयान गरेर साध्य नहुने गुणले सम्पन्न धम्मवती गुरुमांलाई ८८ वर्षिय यस जन्मोत्सवको सिलसिलामा हामी सबैले दीर्घायु, नरोगी एवं उत्तरोत्तर प्रगतिका कामना गरौं। पैसाले किन्न नपाइने बुद्ध शिक्षालाई धम्मवती गुरुमां मार्फत सुन्दै धम्मवती गुरुमांका साथै हामीले पनि दुःखबाट मुक्त हुने मार्ग पछ्याउन सकौं।

यसरी हामी सबैले आ-आफ्नो कर्म सपारौं।

भवतु सब्ब मंगलम्।



*मलेसियाको ट्वीन टावर मुनि धम्मवती गुरुमां*

# २५६५ औं बैशाख पूर्णिमा महोत्सब सम्पन्न

*२०७८ जेठ १२ गते, बुधवार ।*

२५६५ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा विभिन्न संस्थाहरूले कोरोनाको भयावह स्थितिलाई ध्यान राखी अनुकुलता मिलाएर कार्यक्रमहरू सञ्चालन गरी बैशाख पूर्णिमा महोत्सव मनाइएका समाचार प्राप्त भएका छन् । प्राप्त समाचार अनुसार सो सम्वन्धी संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ –

**(क) धर्मकीर्ति विहार, काठमाडौं –**

यसदिन धर्मकीर्ति विहारमा नियमित बुद्धपूजा कार्यक्रम सम्पन्न गरियो भने भिक्षुणी धम्मवती गुरुमांले बैशाख पूर्णिमा ५ वटा संयोग जुरेको दिन भएको हुनाले यस विषयमा प्रकाश पार्नुहुँदै धर्मदेशना गर्नुभएको थियो ।

शाक्यमुनी बुद्धको जीवनका ५ महत्वपूर्ण घटनाहरू बैशाख पूर्णिमाकै दिन घटेका थिए। यस विषयको संक्षिप्त विवरण यसरी रहेका छन् –

(१) शाक्य मुनी बुद्ध हुने बोधिसत्व सुमेध ऋषि हुनु भएको अवस्थामा दीपङ्कर बुद्धले उहाँलाई चार असंख्य र एकलाख कल्प पछि शाक्य मुनी नामको बुद्ध हुनेछौ भनी भविष्यवाणी गर्नुभएको दिन ।

(२) शाक्य मुनी बुद्ध हुने सिद्धार्थ कुमार लुम्बिनी बनमा जन्मनु भएको दिन ।

(३) बुद्धगयामा सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभएको दिन ।

(४) बोधिज्ञान लाभगरी बुद्ध हुनुभएपछि प्रथम पटक उहाँ कपिलवस्तु पुग्नु भएको दिन ।

(५) शाक्यमुनी बुद्ध ८० वर्षको उमेरमा कुशिनगरमा परिनिर्वाण हुनुभएको दिन ।

**(ख) आनन्दकुटी विहार, काठमाडौं –**

आनन्दकुटी विहार परिसरमा रहेको श्रीलंका चैत्य भित्र विराजमान गराइएको बुद्ध अस्थिधातु बाहिर ल्याई उक्त धातु अगाडि बुद्धपूजा गरी पवित्र परित्राण पाठ गरिएको ।


**(ग) लुम्बिनी –**

बुद्ध जन्मस्थल लुम्बिनीमा संसारमा तहल्का मचाइराखेको कोरोना भाइरसबाट यथासिघ्र मुक्ति पावस् भन्ने कामनाका साथ भन्ते, गुरुमांहरू लगायत लामा गुरुहरूको तर्फबाट पाठ गरियो ।

(घ) अमेरिका International Buddhist Association of America का अध्यक्ष वागमोको डिकसेको संयोजकत्वमा राष्ट्रपति कार्यालय White House मा २५६५ औं बुद्ध जयन्ति महोत्सव मनाइएको समाचार छ। उक्त कार्यक्रममा थेरवाद, महायान र वज्रयान तीनवटै समूहबाट बुद्धपूजा गरिएको थियो ।

स्मरणिय छ, समाचारमा उल्लेख गरिए अनुसार White House मा बुद्ध जयन्ति मनाइएको यो घटना इतिहासमा नै पहिलो पटक हो। अमेरिकी राष्ट्रपति जो वाइडेनले बुद्ध जयन्तिको अवसरमा शुभकामना सन्देश दिनुहुँदै अमेरिकामा बुद्ध अनुयायीहरूले गरेको योगदान स्मरणिय रहेको र देश समृद्ध बनाउन बुद्ध शिक्षा आवश्यक रहेको मनसाय प्रस्तुत गरिएको थियो ।

बुद्ध जयन्ति मनाइएको क्षणलाई सम्मान गर्दै त्यहाँ १० लाख दीप प्रज्ज्वलन गरिएको थियो । ✿




*बर्माका समाज सेवी भिक्षु उ ञाणिस्सरलाई स्वागत गरिएको कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै धम्मवती गुरुमां*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



# दिवंगत पञ्चमुनी बज्राचार्य

*( जन्म : बि.सं. २००७ कार्तिक १० गते – दिवंगत : २०७८ जेठ १० गते )*

अनन्त गुणले सम्पन्न हुनुभएका हाम्रा **बुबा पञ्चमुनि वज्राचार्य** दिवङ्गत हुनुभयो । दिवङ्गत बुबाको पुण्यस्मृतिमा उहाँको जीवन सुगतिमय बनोस् र यथासिघ्र निर्वाणको हेतु प्राप्त होस् भनी कामना गर्दै उहाँको पुण्यस्मृतिमा पुण्यानुमोदन गर्दछौं ।

यसको साथै यस शोकाकूल घडीमा रहेका हाम्रा सपरिवारलाई धैर्य धारण गराउन मैत्रीपूर्वक साथ दिनुहुने सम्पूर्ण हितैषी नाताकुटुम्बहरू लगायत बन्धुजनहरूलाई आयुआरोग्य कामनाका साथ साधुवाद व्यक्त गर्दछौं ।

## इन्दावती गुरूमां सपरिवार

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | वि.सं. २०७८ | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|
| १. | वैशाख १४ मङ्गलबार, ल्हुतिपुन्हि | खेमावती गुरुमां | धम्मवती गुरुमां |
| २. | वैशाख २१ मङ्गलबार, अष्टमी | त्यागवती गुरुमां | त्यागवती गुरुमां |
| ३. | वैशाख २८ मङ्गलबार, औंशी | अमता गुरुमां | अमता गुरुमां |
| ४. | जेठ १ शनिबार, संक्रान्ति | इन्दावती गुरुमां | इन्दावती गुरुमां |
| ५. | जेठ ६ बिहीबार, अष्टमी | सुवण्णवती गुरुमां | सुवण्णवती गुरुमां |
| ६. | जेठ १२ बुधबार, बुद्ध पूर्णिमा | खेमावती गुरुमां | धम्मवती गुरुमां |
| ७. | जेठ २० बिहीबार, अष्टमी | दानवती गुरुमां | दानवती गुरुमां |
| ८. | जेठ २७ बिहीबार, औंशी | केशावती गुरुमां | केशावती गुरुमां |
| ९. | असार १ मङ्गलबार, संक्रान्ति | पञ्ञावती गुरुमां | पञ्ञावती गुरुमां |
| १०. | असार ४ शुक्रबार, अष्टमी | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| ११. | असार १० बिहीबार, ज्याःपुन्हि | खेमावती गुरुमां | धम्मवती गुरुमां |
| १२. | असार १८ शुक्रबार, अष्टमी | मेत्तावती गुरुमां | मेत्तावती गुरुमां |
| १३. | असार २६ शनिबार, औंशी | खेमावती गुरुमां | खेमावती गुरुमां |
| १४. | श्रावण १ शुक्रवार संक्रान्ति | इन्दावती गुरुमां | इन्दावती गुरुमां |
| १५. | श्रावण २ शनिवार, अष्टमी | शुभवती गुरुमां | शुभवती गुरुमां |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*जन्म :*
*बि.सं. २००७ कार्तिक १० गते*

*दिवंगत :*
*२०७८ जेठ १० गते*

# दिवंगत पञ्चमुनी बज्राचार्य

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य उपासक **पञ्चमुनि वज्राचार्य** दिवङ्गत हुनुभयो ।
उहाँका परिवारले यस दुःखद् घडीमा संसारको अनित्य, दुःख र
अनात्म स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् ।
दिवंगत उपासकको सद्गति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गर्दछौं ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



# दिवंगत अमीरा तुलाधर

*( जन्म : बि.सं. २०१८ बैशाख १२ गते – दिवंगत : २०७८ जेठ ८ गते, शनिबार )*

पूर्णहेरा भोजन पुचः धर्मकीर्ति विहारया दुजः
उपासिका **अमीरा तुलाधर** दिवंगत जुयादिल । दुःखं कयाच्वंगु थुगु इलय्
वय्कःया परिवारया दुजःपिन्सं संसारया अनित्य, दुःख व
अनात्म स्वभावयात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना याना ।
अथेहे उपासिका अमीराया परलोक जीवन सुगतिमय जुयाः
वय्कःयात याकन हे निर्वाणया हेतु चूलाय्मा धकाः
आशिका यानाच्वना ।

## पूर्णहेरा भोजन पुचः

**धर्मकीर्ति विहार**

श्रीघः नघः, यँ ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो

*खजन्म :*
*बि.सं. २००० साल जेष्ठ*
*शुक्ल पक्ष, पञ्चमी*



*दिवंगत :*
*२०७८ असार २४ गते,*
*बिहीबार*
*कृष्णपक्ष दिल्ला चःह्रे*

# दिवंगत शौभाग्यवती रञ्जित

अनन्त गुणं सम्पन्नम्ह जिमि तता **शौभाग्यवती रञ्जित** दिवङ्गत जुयादिल । थुगु दुःखद क्षणय् मैत्रीभावं बिचाः हाय्काद्यूपिं मजिपात यैं, वडा नं. २१ या मित्र बन्धुपिं सकसितं साधुवाद देछाना ।

मदुम्ह तता शौभाग्यवतीया सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन याना ।

किजा : **भाइराजा** – भौ : **उमा रञ्जित**

तताजु : **सरस्वती रञ्जित**

क्यहँ : पुण्य – जिजाभाजु : **प्रेम श्रेष्ठ**

भिंचापिं : **विश्वरत्न, मणिरत्न, विजु, सितु, सिलु, विश्वतारा, ज्योतितारा**

काय्चा : **निप्पन**

म्ह्याय्चापिं : **श्रद्धाचारी गुरूमां, श्रीमीला, प्रकृती, लिसा, प्रगति**

# अखिल नेपाल भिक्षु महासंघ
## नेपाल बौद्ध परियत्ति शिक्षा
बुद्ध सम्वत् २५६४/२०७७/२०२१

**परीक्षा नतिजा**

**धर्मकीर्ति विहार केन्द्रबाट परीक्षा दिई उत्तीर्ण भएका विद्यार्थीहरूको नामावली र उत्तीर्ण, श्रेणी**

| क्र. सं. | पञ्जिका नं. | नाम थर | कक्षा | श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३९७७८ | शान्ति शाक्य | ७ | बोर्ड द्वितीय | ७२ |
| २ | ३५२६७ | दया लक्ष्मी शाक्य | ६ | बोर्ड प्रथम | ७१.५० |
| ३ | ३५१६५ | अञ्जु शाक्य | ६ | बोर्ड द्वितीय | ६९ |
| ४ | २६५१२ | समुन्द्र देवी ताम्राकार | ८ | द्वितीय | ५७.८३ |
| ५ | २२८९६ | नानी केशरी बज्राचार्य | ७ | द्वितीय | ५५.२० |
| ६ | ३३३४७ | नीलम शाक्य | ७ | द्वितीय | ५०.४० |
| ७ | ३०६०२ | सुमी शाक्य | ६ | प्रथम | ६० |
| ८ | ३३३३१ | तारा केशरी राजभण्डारी | ६ | द्वितीय | ५५.५० |
| ९ | ३३३४४ | सम्झना शाक्य | ५ | डिस्टिङ्क्शन | ८३ |
| १० | ३७७१९ | कल्पना शाक्य | ५ | डिस्टिङ्क्शन | ८२.६७ |
| ११ | ६३४७२ | प्रमिला ताम्राकार | ५ | प्रथम | ७७.६७ |
| १२ | ३९७५७ | जयन्ती तुलाधर | ५ | प्रथम | ७७.३३ |
| १३ | ३०५७६ | स्मृति शाक्य | ५ | प्रथम | ६९ |
| १४ | ६३६१४ | उमा मानन्धर | ४ | डिस्टिङ्शन | ८३.३३ |
| १५ | ६४०९९ | अमिता मानन्धर | ४ | प्रथम | ७१.६७ |
| १६ | ३३३४५ | एमिका बनिया क्षेत्री | ४ | प्रथम | ७१.३३ |
| १७ | ३०५५५ | समिरा श्रेष्ठ | ४ | द्वितीय | ५३.३३ |
| १८ | ३५२५२ | लक्ष्मी शाही | ३ | डिस्टिङ्क्शन | ८३ |
| १९ | ३५२४८ | कमल केशरी तुलाधर | ३ | डिस्टिङ्क्शन | ८१ |
| २० | ३५२४९ | अनिला कंशाकार | ३ | प्रथम | ७६ |
| २१ | ३५२३७ | शैली ताम्राकार | ३ | प्रथभ | ७१.५० |
| २२ | ६४१०० | पुष्प हीरा तुलाधर | ३ | प्रथभ | ६९ |
| २३ | ६४१०२ | रजना महर्जन | ३ | प्रथम | ६९ |
| २४ | ३५२५५ | लक्ष्मी महर्जन | ३ | द्वितीय | ५८ |
| २५ | ३५२३९ | ईशा तुलाधर | ३ | द्वितीय | ५७ |
| २६ | ३५५६२ | प्रेमा मानन्धर | ३ | द्वितीय | ५२.५० |
| २७ | ३५२५४ | शारदा शर्मा | ३ | द्वितीय | ५१ |
| २८ | ३७३२२ | सनिषा महर्जन | २ | डिस्टिङ्क्शन | ८९ |
| २९ | ३७३२१ | सलिना महर्जन | २ | डिस्टिङ्क्शन | ८७.५० |
| ३० | ६४०९० | करुणा स्थापित | २ | डिस्टिङ्क्शन | ८६.५० |
| ३१ | ६४०२८ | रजनी बज्राचार्य | २ | डिस्टिङ्क्शन | ८०.५० |
| ३२ | ६४१०५ | लक्ष्मी महर्जन | २ | प्रथम | ६२.५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | ३७३०४ | राम देवी महर्जन | २ | प्रथम | ६२.५० |
| ३४ | ३७३०७ | स्मृति शाक्य | २ | प्रथम | ६२ |
| ३५ | ३७३२५ | सनिष्मा महर्जन | २ | द्वितीय | ५३ |
| ३६ | ३५२४७ | रितिका खड्का | २ | तृतीय | ३५.५० |
| ३७ | ६२१०६ | कुशल डंगोल | २ | तृतीय | ३४ |
| ३८ | ६४६८५ | संजीव तुलाधर | १ | डिस्टिङ्क्शन | ८९ |
| ३९ | ६४१२५ | रेजिना ताम्राकार | १ | डिस्टिङ्क्शन | ८८ |
| ४० | ८४१२२ | गंगा मानन्धर | १ | डिस्टिङ्क्शन | ८५ |
| ४१ | ६४६९५ | रबिना बज्राचार्य | १ | डिस्टिङ्क्शन | ८४ |
| ४२ | ६४६८७ | निता माली | १ | डिस्टिङ्क्शन | ८३ |
| ४३ | ६४११७ | सुशील रत्न तुलाधर | १ | डिस्टिङ्क्शन | ८३ |
| ४४ | ६४६९० | उज्ज्वल बिष्ट | १ | डिस्टिङ्क्शन | ८३ |
| ४५ | ६४६८८ | श्रृजना थापा मगर | १ | डिस्टिङ्क्शन | ८२ |
| ४६ | ६४६९४ | कीपा स्थापित | १ | प्रथम | ७७ |
| ४७ | ६४०२७ | दिब्या बज्राचार्य | १ | प्रथम | ७७ |
| ४८ | ६४११९ | जास्मिना नेपाली | १ | प्रथम | ७६ |
| ४९ | ६४६८९ | कल्पना रोका | १ | प्रथम | ७३ |
| ५० | ६४११८ | अनुश्री शाही | १ | प्रथम | ७० |
| ५१ | ६४६९८ | जगत्रा देवी श्रेष्ठ | १ | प्रथम | ६६ |
| ५२ | ६४६९१ | प्रतीक महर्जन | १ | प्रथम | ६१ |
| ५३ | ६४११५ | रिमिशा खड्गी | १ | प्रथम | ६१ |
| ५४ | ६४६९९ | ओम कुमारी तामाङ्ग | १ | प्रथम | ५८ |
| ५५ | ६४१२० | सरस्वती तामाङ्ग | १ | द्वितीय | ५३ |

## धर्मकीर्ति विहार परियत्ति केन्द्र

२०७७ साल परियत्ति परीक्षा नतीजा (कक्षा १-८)

### संक्षिप्त विवरण

| | | |
|---|---|---|
| **निवेदकहरू** | - | **९६ जना** |
| **बोर्ड प्राप्त** | - | **३ जना** |
| डिस्टिङ्क्शन प्राप्त | - | १७ जना |
| प्रथम श्रेणी | - | २१ जना |
| द्वितीय श्रेणी | - | १२ जना |
| तृतीय श्रेणी | - | २ जना |
| परीक्षा सामेल नभएका | - | ३१ जना |
| अनुत्तीर्ण भएका | - | १० जना |
| कूल जम्मा | - | ९६ जना |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्भन्ति तेसं वूपसमो सुखो**

*जन्म :*
*बि.सं. १९८४*
*चैत्र ५ गते*



*दिवंगत :*
*२०७७ फागुण*
*२० गते*

### दिवंगत ज्ञानशोभा ताम्राकार

बुद्ध शिक्षाय् श्रद्धावान्म्ह व ध्यान भावनाय् आस्था तयाः थुगु ख्यलय् थःत पानादयूम्ह उपासिका **ज्ञानशोभा**या परलोक जीवन सुगतिमय जुयाः याकन हे निर्वाण सुख प्राप्त ज्वीमा धकाः पुण्यानुमोदन यानाच्वना ।

**लक्ष्मी नानी न्यत पुचः**
**धर्मकीर्ति विहार भोजन पुचः**
श्रीघः नघः, काठमाडौं

# राहत वितरण

धर्मकीर्ति संरक्षण कोषले धर्मकीर्ति विहारका शाखा विहारहरूलाई कोविडको कारणले लगाइएको लकडाउन दोस्रोको समयावधिमा राहत वितरण गरी पुण्य सञ्चय गरिएको थियो । यसको विवरण तालिका यसरी प्रस्तुत गरिएको छ –

## धर्मकीर्ति विहार संरक्षण कोष

**कोविड लकडाउन–२**

**शाखा विहारयात राहत वितरण २०७८/०२/३१**

| क्र.सं. | राहत सामाग्री | धर्मकीर्ति विहार | सुलक्षण कीर्ति विहार | पद्मकीर्ति विहार | वसुन्धरा विहार | निर्वाणमूर्ति विहार | श्रद्धाकीर्ति विहार | गौतमी विहार, लुम्बिनी | जम्मा परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | राहत सामाग्री परिणाम | | | | | | | |
| १. | चामल जीरामसिनो (२५ किलोको) | ३ बोरा | २ बोरा | १ बोरा | १ बोरा | २ बोरा | १ बोरा | ३ बोरा | १३ बोरा |
| २. | च्यूरा | ४ किलो | ४ किलो | २ किलो | २ किलो | २ किलो | २ किलो | ४ किलो | २० किलो |
| ३. | मास | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| ४. | गेडा मूगी | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| ५. | रहर | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| ६. | सिम्पु | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| ७. | काउले चना | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| ८. | १ लिटर पाकेटको तेल | ५ प्या. | ५ प्या. | ३ प्या. | ३ प्या. | ३ प्या. | ३ प्या. | ५ प्या. | २७ प्या. |
| ९. | चिनी | २ किलो | २ किलो | १ किलो | १ किलो | १ किलो | १ किलो | २ किलो | १० किलो |
| १०. | चियापति | १.० किलो | ०.५ किलो | ०.५ किलो | ०.५ किलो | ०.५ किलो | ०.५ किलो | ०.५ किलो | ४ किलो |
| ११. | आटा (५ किलोको) | २ प्याकेट | २ प्याकेट | १ प्याकेट | १ प्याकेट | १ प्याकेट | १ प्याकेट | २ प्याकेट | १० प्याकेट |
| १२. | आलु | ३ धार्नी | ३ धार्नी | २ धार्नी | २ धार्नी | २ धार्नी | २ धार्नी | ३ धार्नी | १७ धार्नी |
| १३. | प्याज | ३ किलो | ३ किलो | २ किलो | २ किलो | २ किलो | २ किलो | ३ किलो | १७ किलो |
| | कूल जम्मा | | | | | | | | |

### धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

*१) क्र.सं. ९०१*

**धनराज शाक्य,** पुलचोक, रक्षश्वर महाविहार, ललितपुर

रु. २,०००/–

*२) क्र.सं. ९०२*

**गौतम नारायण महर्जन,** छत्रपाटी, काठमाडौं

रु. २,०००/–


*१) क्र.सं. ९०३*

**रेवती राजभण्डारी,** ताहाचल, छाउनी, काठमाडौं

रु. २,०००/–

### धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

**विकास रत्न शाक्यबाट रु. १,३००/–**





# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्वर्ण महोत्सव

*२०७८ असार ८ गते, मङ्गलबार*

नेपालमा बुद्धशिक्षा प्रचार-प्रसार गर्ने कार्यमा युवा वर्गलाई सहभागी गराई अगाडि बढाउने उद्देश्यले वि.सं. २०२८ सालमा स्थापना गरिएको धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ५० औं वर्षिय जन्मोत्सवको उपलक्ष्यमा सञ्चालित धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्वर्णमहोत्सव कार्यक्रम यही असार ८ गते सम्पन्न भएको छ।

कोरोनाको भयावह स्थितिलाई दृष्टिगत गरी मुलुकमा लगाइएको लकडाउनको कारणले यस कार्यक्रम भर्चुअलको माध्यमबाट अरुणसिद्धि तुलाधर (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको पूर्वसचिव) बाट सञ्चालन गरिएको थियो।

यस कार्यक्रमको संक्षिप्त विवरण कार्यतालिकाको माध्यमबाट यसरी प्रस्तुत गरिएको छ –

**कार्यतालिका**

| क्र. सं. | कार्यक्रम | सहभागी/प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | आशन ग्रहण | – श्रद्धेय धम्मवती गुरुमां<br>– श्रद्धेय राहुल भन्ते<br>– श्रद्धेय पञ्ञासार भन्ते<br>– श्रद्धेय इन्दावती गुरुमां<br>– श्रद्धेय वीर्यवती गुरुमां<br>– श्रद्धेय गुरुमांहरू (धर्मकीर्ति विहार) | |
| २. | त्रिरत्न गुणानुस्मरण | – श्रद्धेय वीर्यवती गुरुमां (उपाध्यक्ष) | ध.की.बौ.अ. गोष्ठी |
| ३. | स्वागत मन्तव्य | – लोचनतारा तुलाधर (सचिव) | ध.की.बौ.अ. गोष्ठी |
| ४. | स्वागत गान | भिडियो टेपको माध्यमबाट | |
| ५. | आशिर्वचन | श्रद्धेय धम्मववती गुरुमां अध्यक्ष | ध.की.बौ.अ. गोष्ठी |
| ६. | शुभकामना मन्तव्य<br>शुभकामना मन्तव्य<br>शुभकामना मन्तव्य<br>शुभकामना मन्तव्य<br>शुभकामना मन्तव्य<br>शुभकामना मन्तव्य | – श्रद्धेय भिक्षु कौण्डञ्ञ सचिव<br>– श्रद्धेय ञाणवती गुरुमां<br>– मदनरत्न तुलाधर<br>– हृदयरत्न वज्राचार्य (उपकुलपति)<br>– महेन्द्ररत्न शाक्य<br>– नरेशमान वज्राचार्य | अ.ने.भि. महासङ्घ<br>अ.भि. सङ्घ<br>युवा बौद्ध समूह<br>लुम्बिनी बौ. विश्वविद्यालय<br>थेरवाद बुद्धिष्ट एकेडेमी<br>नेपाल परम्परागत बुद्ध धर्म सङ्घ |
| ७. | डकुमेन्ट्री प्रस्तुती | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी गतिविधि | सुरुदेखि हालसम्म |
| ८. | श्रद्धेय अश्वघोष भन्ते र श्रद्धेय दो गुणवती गुरुमां गुणानुस्मरण | प्रफुल्लकमल ताम्राकार सचिव | ध.की. संरक्षण कोष |
| ९. | मन्तव्य | – श्रद्धेय राहुल भन्ते<br>– श्रद्धेय पञ्ञासार भन्ते | ध्यानकुटी विहार<br>सुमङ्गल विहार |

| | | | |
|---|---|---|---|
| १०. | मन्तव्य<br>मन्तव्य<br>मन्तव्य | – बरदेश मानन्धर<br>– अमीरकुमारी शाक्य<br>– मीना तुलाधर | अध्ययन गोष्ठी स्थापना कालका सदस्यहरू |
| ११. | मन्तव्य | – स.प्रा. मदनरत्न मानन्धर (२०४३ साल)<br>– स्वयम्भूरत्न तुलाधर (२०४४ साल)<br>– अमृतरत्न ताम्राकार (२०४९ साल)<br>– अगम्यरत्न कंसाकार (२०५१ साल)<br>– अरुणसिद्धि तुलाधर (२०५४ साल)<br>– इन्द्रकुमार नकर्मी (२०५७ साल) | पूर्वसचिवहरू |
| १२. | मन्तव्य | सं.प्रा. उर्मीला ताम्राकार | वर्तमान कार्यकारिणी सदस्य |
| १३. | अध्ययन गोष्ठीको पुनरावलोकन | डा. रीना तुलाधर | |
| १४. | अ.गो. को भावी योजना | डा. सुमनकमल तुलाधर | |
| १५. | धन्यवाद ज्ञापन | श्रद्धेय इन्दावती गुरुमां (उपाध्यक्ष) | ध.की.बौ.अ.गोष्ठी |


**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

# बिश्व मोटर ट्रेडर्स

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# शुभकामना !



अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घका अध्यक्ष,
शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित


**भिक्षुणी धम्मवती गुरुमां**

यही असार पूर्णिमाको दिन ८८ वर्ष पुग्नुभएको छ ।
यही उपलक्ष्यमा उहाँको आयुआरोग्य एवं
निरोगीको कामना गर्दछौं । सधैंझैं हामीलाई उहाँको
दरिलो भरोसा एवं निर्देशन निरन्तर प्राप्त भइरहनेछ भन्ने आशाका
साथ शुभकामना व्यक्त गर्दछौं ।

**अन्तर्राष्ट्रिय भिक्षुणी संघ**

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७७/०७८)

# शुभकामना !



अन्तर्राष्ट्रिय भिक्षुणी सङ्घया अध्यक्ष, धर्मकीर्ति विहार संरक्षण कोष,
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी व धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष तथा
धर्मकीर्ति पत्रिकाया प्रकाशक एवं सल्लाहकार
**भिक्षुणी धम्मवती गुरुमां थ्वहे श्रावण ९ गते गुरुपुन्हिया दिनस ८८ दंया वैशय्**
थ्यनीगु शुभउपलक्ष्ये वसपोलया भिंउसाँय् व
ता आयुया कामना यासे भिंतुनाच्वना ।

## धर्मकीर्ति पत्रिका

### धर्मकीर्ति विहार

श्रीघः नःघ, काठमाडौं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com